# संवत् २०७८ साल कात्तिक १ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. अर्थ मन्त्रालय — आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — उद्योग विभागमा रहेको एकल विन्दु सेवा केन्द्र, बजार अनुगमन कार्यक्रम तथा खानी विभाग अन्तर्गत रहेको पेट्रोलियम अन्वेषण परियोजना र ग्रामिण उद्यम तथा विप्रेषण आयोजनामा आ.व. २०७८/०७९ का लागि राजपत्रांकित स्तरका ३१ पदको अस्थायी दरवन्दी सृजना गर्ने।

३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — बुढीगण्डकी जलविद्युत आयोजनाको वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाइको कार्य अवधि समाप्त हुने मिति २०७८/७/११ देखि लागु हुने गरी १ वर्ष थप गर्ने।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — २०२१ अक्टोबर ३१ देखि नोभेम्बर १२ सम्म स्कटल्याण्डको ग्लास्गोमा हुने UN Climate Change Conference सम्मेलनमा सहभागी हुन सचिव देवेन्द्र कार्कीलाई मनोनयन गर्ने।

५. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — नेपाल कृषि सेवा, भेटेरिनरी समूह, रा.प. प्रथम (प्रा.) श्रेणीमा श्री लेखराज दाहाललाई बढुवा नियुक्ति दिई पदस्थापन गर्ने।

६. गृह मन्त्रालय — काठमाडौं The Upgrading Project for Civil Service Hospital of Nepal मा कार्यरत १५ जना चिनियाँ कामदारहरुको भिसा दस्तुर, विलम्व शुल्क र जरिवाना मिनाहा दिई एकवर्ष सम्मका लागि निःशुल्क बहुप्रवेशी गैर पर्यटक भिसा प्रदान गर्ने ।

७. गृह मन्त्रालय — पैगम्बर मोहम्मद सल्लल्लाहू अलैही वसल्लमको जन्म दिन अर्थात मोहम्मद जयन्तीको अवसरमा २०७८/७/२ गते सार्वजनिक बिदा दिने।

८. परराष्ट्र मन्त्रालय — नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव श्री कौशल किशोर रायलाई नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा नियुक्ति दिई पदस्थापन गर्ने।

९. परराष्ट्र मन्त्रालय — ग्लास्गोमा नोभेम्बर १ र २ मा आयोजना हुने World Leaders Summit मा सहभागी हुन सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवा नेतृत्वको २० सदस्यीय प्रतिनिधिमण्डललाई स्वीकृति दिने।

१०. युवा तथा खेलकुद मन्त्रालय — राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव श्री रमेश कुमार सिलवाललाई पदबाट हटाउने।

११. युवा तथा खेलकुद मन्त्रालय — राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष श्री माधव प्रसाद ढुंगेललाई पदबाट हटाउने।

१२. युवा तथा खेलकुद मन्त्रालय — युवा तथा साना व्यवसायी स्वरोजगार कोषका उपाध्यक्ष डा. देवराज रोकालाई पदबाट हटाउने।

१३. युवा तथा खेलकुद मन्त्रालय — South Asian Football Federation (SAFF) Championship 2021 मा उपबिजेता खेलाडी तथा प्रशिक्षकहरूलाई पुरस्कार दिने।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१४. रक्षा मन्त्रालय — नेपाली सेनाका सहायक रथी बाबुराम श्रेष्ठ समेत ५ (पाँच) रथीवृन्द तथा सैनिक अधिकृतहरूको बढुवा गरी पदस्थापन गर्ने तथा उपरथी विनय विक्रम राणा समेत ५ (पाँच) रथीवृन्द तथा सैनिक अधिकृतहरूको सरुवा गर्ने।

१५. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक प्राविधिक सेवाका सहायक रथीद्वय मिलन घले र हेगेन्द्र लाल महर्जनको सरुवा गर्ने।

१६. रक्षा मन्त्रालय — नेपाली सेनाका सहायक रथी ईश्वर कान्त मैनालीलाई अवकाश पूर्व उपरथी दर्जामा मानार्थ बढुवा गर्ने।

१७. रक्षा मन्त्रालय — नेपाली सेनाका प्रमुख सेनानी शाजन ढुंगाना क्षेत्री समेत तीन प्रमुख सेनानीहरूको अवकाश पूर्व विशेष बढुवा गर्ने।

१८. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय — २०७८/०७/०८ देखि ऐ. १२ सम्म संयुक्त अरव इमिरेट्समा आयोजना हुने अबुधावी डाइलगको छैटौं मन्त्रिस्तरीय परामर्श बैठकमा भाग लिन माननीय मन्त्री कृष्णकुमार श्रेष्ठ र सचिव सूर्यप्रसाद गौतमलाई मनोनयन गर्ने ।

१९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — रमेश अर्याल समेत १२ जना कर्मचारीहरुलाई नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी (अप्रा) सहसचिव वा सो सरह पदमा स्थायी नियुक्ति गर्ने र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (अतिरिक्त समूह) मा पदस्थापन गर्ने।

२०. नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम ३१. बमोजिम मिति २०७८/४/२५ को बैठकबाट गठन भएको मन्त्रिपरिषद्का समितिमा हेरफेर गरी पुनर्गठन गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

# संवत् २०७८ साल कात्तिक ३ बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. क. बेमौसमी वर्षातको रूपमा गत आइतबार देखि परेको अविरल वर्षाका कारण देशका विभिन्न भागमा बाढी पहिरोबाट ठूलो धन जनको क्षति हुन गएको छ। अहिलेसम्म यसबाट दर्जनौं मानिसको मृत्यु भएको, कतिपय मानिसहरू बेपत्ता भएका र धानबाली लगायतका बालीनालीमा ठूलो क्षति भएको छ। यस दुःखद घटनामा परी ज्यान गुमाउने मृतकहरूप्रति श्रद्धासुमन अर्पण गर्दै शोक प्रकट गर्ने, शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गर्ने तथा घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने।

ख. यस विपद्को घटनामा परी कुनै परिवारमा मृत्यु भएमा रु.२ लाखको दरले, सोही परिवारमा अन्य व्यक्तिको समेत मृत्यु भएमा प्रति व्यक्ति थप रु.१ लाखका दरले एकद्वार नीतिबाट राहत उपलब्ध गराउने।

ग. विपद्बाट घरबार, आवास नष्ट भएका वा खाद्यान्न बाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराका लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई प्रति परिवार ५ जनासम्म सदस्य भएको परिवार भए रु.१५ हजार र ५ जनाभन्दा बढी सदस्य भएको परिवार भए रु.२० हजारको दरले तत्काल नगद सहायता उपलब्ध गराउने।

घ. बाढी पहिरोमा परी गम्भीर घाइते हुनेहरूको उपचारको सम्पूर्ण व्यवस्था नेपाल सरकारले मिलाउने। उपचारमा कुनै कमी हुन नदिने।

ङ. सम्बन्धित मन्त्रालयहरूले विपद्बाट भएको क्षतिको आंकलन गरी यथाशीघ्र प्रतिवेदन पेश गर्ने।

च. महत्त्वपूर्ण संरचनाहरू जस्तैः सडक, पुल, दुरसञ्चार, विमानस्थल लगायतको मर्मत सम्भार गरी तत्काल सञ्चालनमा ल्याउन व्यवस्था मिलाउने।

छ. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ बमोजिमको विपद् व्यवस्थापन कोषमा आवश्यक रकम उपलब्ध गराई सञ्चालनमा ल्याउने प्रबन्ध गर्ने।

ज. विपद् प्रभावित क्षेत्रमा रोग फैलन नदिन रोकथामका आवश्यक उपायहरू अवलम्बन गर्ने।

झ. विपद्बाट प्रभावितहरूको उद्धार तथा राहत कार्यमा सहयोग र समन्वय गर्न प्रदेश सरकार र स्थानीय तहलाई अनुरोध गर्ने।

ञ. जल तथा मौसम विज्ञान विभागबाट समय समयमा जारी हुने मौसम पूर्वानुमान सम्बन्धी सूचनाहरूलाई ध्यान दिई सोहीबमोजिम सतर्कता अपनाउन सबैमा अनुरोध गर्ने।

ट. विपद्को घटनालगत्तै उद्धार र हेरविचार गर्ने, राहत उपलब्ध गराउने, उपचार गर्ने, सुरक्षा दिने, समाचार सम्प्रेषण गर्नेसमेतका कार्यमा स्वस्फुर्त रूपमा तत्कालै परिचालित भई प्राकृतिक विपदमा तदारुकताका साथ मानवीय सेवा उपलब्ध गराउन सहयोग पुऱ्याउने सुरक्षा निकाय तथा सुरक्षाकर्मीहरू; प्रशासनिक संयन्त्र र कर्मचारीहरू; स्वास्थ्यकर्मीहरू; संघ, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा पदाधिकारीहरू; राजनीतिक दलका प्रतिनिधि तथा कार्यकर्ताहरू; निजी क्षेत्रका संघ संस्था तथा प्रतिनिधिहरू; सञ्चार माध्यमलगायत सम्पूर्ण निकाय, जनशक्ति तथा आम जनसमुदायबाट भएको योगदानका लागि नेपाल सरकारको तर्फबाट हार्दिक धन्यवाद दिने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

## संवत् २०७८ साल कात्तिक ८ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. अर्थ मन्त्रालय — डा. रविन्द्र घिमिरेलाई नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको अध्यक्ष र श्री मदन पोखरेललाई सञ्चालक सदस्यमा नियुक्त गर्ने।

२. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — नेपाल कृषि सेवा, भेटेरिनरी समूह, राजपत्राङ्कित प्रथम (प्रा) श्रेणीमा बढुवा नियुक्तिका लागि सिफारिस भएका डा.शर्मिला चापागाँईलाई बढुवा नियुक्ति दिई पदस्थापन गर्ने ।

३. गृह मन्त्रालय — नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका ७७ वटै जिल्लाहरूमा कार्यरत प्रहरी कर्मचारीहरूलाई १५ प्रतिशत वृद्धि गरी हुन आउने रासन दररेट स्वीकृत गरी नगद रकम उपलव्ध गराउने।

४. रक्षा मन्त्रालय — २०७८ साल कार्तिक ११ र १२ मा भारतको बैंगलोरमा हुने नेपाल भारत बीच सम्पन्न हुने सुरक्षा सम्बन्धी द्विपक्षीय परामर्श समूहको चौधौं बैठकमा परराष्ट्र मन्त्रालयका सहसचिवको नेतृत्वमा १६ जनाको टोलीलाई प्रतिनिधिमण्डलको रुपमा सहभागी हुन स्वीकृति दिने।

५. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक ईन्जिनियरिङ समूह, मर्मत तथा सम्भार उपसमूहका प्रमुख सेनानी बत्सल कुमार श्रेष्ठलाई बढुवा गरी पदस्थापन गर्ने।

६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — नेपाल राष्ट्रिय पुस्तकालय भवन निर्माणको स्वीकृति दिने।

७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — बेलायतको लण्डन शहरमा मिति २०७८/७/१६ मा आयोजना हुने UNWTO, WTTC & WTM ministers' Summit-Investing in Tourism's Sustainable Future कार्यक्रममा सहभागि हुन माननीय मन्त्री श्री प्रेम बहादुर आलेलाई स्वीकृति दिने ।

८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — नेपाल वायुसेवा निगमको वर्तमान अध्यक्ष शुशिल घिमिरेले पेश गरेको राजिनामा स्वीकृत गर्ने र श्री युबराज अधिकारीलाई कार्यकारी अध्यक्षमा नियुक्त गर्ने।

९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — नेपाल नागरिक उड्डयन प्राधिकरणको रिक्त महानिर्देशक पदमा हाल नि. महानिर्देशक पदमा कार्यरत श्री राजकुमार क्षेत्रीलाई नियुक्त गर्ने ।

१०. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — सुरक्षण मुद्रण विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०७८ स्वीकृत गरी नेपाल राजपत्रमा प्रकाशन गर्न स्वीकृति दिने।

११. सहरी विकास मन्त्रालय — राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई जेनेरेटर घर निर्माण गर्ने प्रयोजनका लागि जग्गा उपलब्ध गराई सोही अनुसार सिंहदरबार परिसरको गुरुयोजनामा समावेश गर्ने।

१२. अर्थ मन्त्रालय — कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ स्वीकृत गर्ने।

१३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — विभिन्न ५२ वटा आयोजनाहरुको निम्ति आवश्यक राजपत्राङ्कित अधिकृत स्तरका ३६७ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१४. सहरी विकास मन्त्रालय — सहरी विकास मन्त्रालयमा हस्तान्तरण भई आएको निजी आवास तथा बस्ती विकास तर्फको कार्यक्रम सञ्चालन गर्न आर्थिक वर्ष २०७८।०७९ को लागि राजपत्रांकित अधिकृत स्तरका ३२३ अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

१५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा) र ३१ वटा शिक्षा विकास तथा समन्वय इकाइमा आ.व. ०७८/०७९ का लागि राजपत्रांकित वा सो सरहका ४२ अस्थायी दरबन्दी सृजना गर्ने।

१६. हालैको बेमौसमी वर्षाको कारण आएको बाढी, पहिरो तथा डुबानबाट धान बालीमा भएको क्षतिको अध्ययन गरी ३ दिनभित्र प्रतिवेदन पेश गर्न गृह मन्त्रालयका सचिवको संयोजकत्वमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (कृषि विकास), अर्थ मन्त्रालयका सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (वाणिज्य), सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव र राष्ट्रिय योजना आयोगका सचिव सदस्य रहने गरी कार्यदल गठन गर्ने।

१७. सम्माननीय प्रधानमन्त्रीज्यूको जनस्वास्थ्य विज्ञमा प्रमुख कन्सल्टेन्ट पेडियाट्रिसियन डा. राम पदारथ बिच्छालाई नियुक्त गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

# संवत् २०७८ साल कात्तिक ११ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — दिगो विकास लक्ष्य सम्बन्धी पाँचौं दक्षिण एसियाली मञ्च, Building back better from COVID-१९ while accelerating the implementation of the SDGs in South and South- West Asia र Policy Dialogue on Regional Cooperation for Sustainable Development in South Asia विषयक कार्यक्रममा नेपालको तर्फबाट सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेललाई मनोनयन गर्ने।

२. अर्थ मन्त्रालय — नेपाल प्रहरी प्रतिष्ठान निर्माण सम्बन्धी समझदारीपत्रको दफा ४.७ संशोधन गर्ने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय —२०७८/०७/१० देखि ऐ.१६ सम्म सचिव श्री दिनेश भट्टराईको भारतस्थित कलकत्ता, धाम्रा र दिल्लीको स्थलगत भ्रमण स्वीकृत गर्ने।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — आगामी १५-१८ नोभेम्बर २०२१ मा संयुक्त अरब इमिरेट्सको आवुधावीमा आयोजना हुने Abu Dhabi International Petroleum Exhibition and Conference (ADIPEC) मा सहभागी हुनको लागि माननीय मन्त्री पम्फा भुसालसहितको दुई सदस्यीय भ्रमण टोलीलाई सहभागी हुन स्वीकृति दिने।

५. गृह मन्त्रालय — सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीलाई महिला राजनीतिज्ञहरुको विश्वव्यापी सञ्जाल Women Political Leaders (WPL) संस्थाबाट सन् २०२१ का लागि प्रदान गरिने "Women Political Leaders Trailblazer Award" सम्मान ग्रहण गर्न स्वीकृति दिने।

६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — राष्ट्रिय भूमि आयोगका विज्ञ सदस्य र सदस्य नियुक्ति गर्ने।

७. रक्षा मन्त्रालय — २०७८/०७/२३ देखि ऐ.२६ सम्म नेपाली सेनाका प्रधान सेनापति महारथी श्री प्रभुराम शर्माको नेतृत्वको भ्रमणदललाई भारत भ्रमणमा जान स्वीकृति दिने।

८. रक्षा मन्त्रालय — नेपाली सेनाका उपरथी सरोज प्रताप राणालाई रथी पदमा बढुवा गरी पदस्थापन गर्ने तथा रथी बालकृष्ण कार्कीको सरुवा गर्ने।

९. वन तथा वातावरण मन्त्रालय — United Nations Climate Change Conference को Cop Energy Day मा घोषणा हुने Global Coal-to-Clean Power Transition सम्बन्धी वक्तव्यमा नेपालले सहमती जनाई हस्ताक्षर गर्न सचिव डा.पेम नारायण कँडेललाई स्वीकृति दिने ।

१०. वन तथा वातावरण मन्त्रालय — सुनकोशी मरीन डाइभर्सन बहुउद्देशीय आयोजनाको भौतिक पूर्वाधारहरु निर्माणका लागि सिन्धुली जिल्लाको कमलामाइ न.पा.-२ र ४ मा रहेका कुसुमटार र पन्चकन्या सामुदायिक वनमा परेका जम्मा ९२ वटा रुखहरु हटाइ सोही राष्ट्रिय वन क्षेत्रको कूलजम्मा ०.७७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति प्रदान गर्ने ।

११. वन तथा वातावरण मन्त्रालय — दीर्घकालीन शून्य उत्सर्जन रणनीति (Long Term Strategy on Net-Zero Emissions) स्वीकृत गर्ने।

१२. वन तथा वातावरण मन्त्रालय — राष्ट्रिय अनुकूलन योजना २०२१-२०५० (National Adaptation Plan २०२१-२०५०) स्वीकृत गर्ने।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१३. वन तथा वातावरण मन्त्रालय — National Framework on Climate Change Induced Loss and Damage को प्रतिवेदन स्वीकृत गर्ने।

१४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — युनेस्कोको ४१ औं महासभामा माननीय मन्त्री समेत ६ जनाको प्रतिनिधिमण्डलले भाग लिई नेपाल सरकारको तर्फबाट गर्नु पर्ने (मतदान लगायतका) कार्य गर्ने गरी स्वीकृति प्रदान गर्ने।

१५. राजपत्राङ्कित प्रथम श्रेणीका नायब महालेखापरीक्षकहरू श्री महेश्वर काफ्ले र श्री बामदेव अधिकारीलाई बढुवा गरी उप-महालेखापरीक्षक पदमा पदस्थापन गर्ने।

१६. हालैको बेमौसमी वर्षाबाट धान बालीमा पुगेको क्षतिको सम्बन्धमा कृषकलाई राहत उपलब्ध गराउने।

१७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — राष्ट्रिय कृषि गणना सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७८ स्वीकृत गर्ने।

१८. परराष्ट्र मन्त्रालय — राहदानी (पहिलो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।

१९. नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम संघीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०७८ साल कात्तिक १२ गते शुक्रबार राती १२:०० बजेदेखि अन्त्य हुन नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

# संवत् २०७८ साल कात्तिक २२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — आगामी ९ देखि १६ नोभेम्बर २०२१ सम्म Colombo Plan सचिवालयबाट Secretary General पदको अन्तर्वार्ता कार्यको लागि Interview Panel को Chair Person को रुपमा सहभागी हुन राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. विश्वनाथ पौडेललाई स्वीकृति दिने।

२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — पर्वत जिल्लाको कुश्मा नगरपालिकामा निर्माण हुने कुश्मा ४०० के.भी. सवस्टेशनको लागि करिब ४ हेक्टर र जुम्ला जिल्लाको चन्दननाथ गाउँपालिकामा निर्माण हुने जुम्ला सवस्टेशनको लागि करिब २.६ हेक्टर जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारवाही चलाउने अधिकारी तोक्ने ।

३. गृह मन्त्रालय — श्री सुनील खनाललाई माननीय गृहमन्त्रीको प्रशासन तथा शान्ति सुरक्षा विज्ञ पदमा नियुक्त गर्ने।

४. परराष्ट्र मन्त्रालय — नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव श्री सुरेन्द्र कुमार यादवलाई नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा नियुक्ति दिई परराष्ट्र मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने ।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — मध्य पश्चिमाञ्चल विश्वविद्यालय (स्कूल अफ इन्जिनियरिङ्ग), विरेन्द्रगर, सुर्खेतलाई Bachelors in Hydropower Engineering विषयमा विद्यार्थी संख्या ४८ जना सहितको नयाँ थप कार्यक्रम अध्ययन अध्यापन गराउन अस्थायी स्वीकृति प्रदान गर्ने।

६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — पुल्चोक क्याम्पस, पुल्चोक, ललितपुरलाई Bachelors of Engineering in Chemical Engineering विषयमा विद्यार्थी संख्या ४८ जना सहितको नयाँ थप कार्यक्रम अध्ययन अध्यापन गराउन अस्थायी स्वीकृति प्रदान गर्ने।

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — युनाइटेड टेक्निकल कलेज, भरतपुरलाई नेपाल M.Sc. In Construction Management विषयमा विद्यार्थी संख्या-३० जना सहितको नयाँ थप कार्यक्रम अध्ययन अध्यापन गराउन अस्थायी स्वीकृति प्रदान गर्ने।

८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को अनुसूचीमा Material Science and Engineering र Aerospace Engineering विषयहरू थप गर्ने।

९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाईवे उपसमूह, राजपत्रांकित द्वितीय श्रेणी (प्रा.) श्री प्रेमप्रकाश खत्री र श्री ललिजन खनाललाई राजपत्रांकित प्रथम श्रेणी (प्रा.), वा सो सरह पदमा बढुवा नियुक्ति गरी पदस्थापन गर्ने ।

१०. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, विविध मेडिकल ट्रेड उपसमूहका महासेनानी भवानी प्रधानलाई अवकाश पूर्व प्राविधिक सहायक रथी दर्जामा मानार्थ बढुवा गर्ने।

११. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — विश्वविद्यालय अनुदान आयोग कर्मचारी (पहिलो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

१२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७५ संशोधन गर्ने।

१३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — २०७८ कार्तिक २६ गते भारतको नयाँ दिल्लीमा हुन गईरहेको 16th Hospitality India Hospitality and Travel Awards कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुन माननीय मन्त्री श्री प्रेम बहादुर आलेलाई स्वीकृति दिने ।

१४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — कीर्तिपुर नगरपालिका र चीनको Hubei Province स्थित Huanggang शहरबीच भगिनी सम्बन्ध कायम गर्ने।

१५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — नेपाल कृषि सेवा, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव (प्रा.), श्री जानुका पण्डितलाई संघको दरबन्दीमा समायोजन गर्ने।

१६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — माधवप्रसाद पोखरेल समेत ६ जना कर्मचारीहरुलाई नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव वा सो सरह पदमा स्थायी नियुक्ति गर्ने।

१७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — श्री तुलसीराम भट्टराईलाई निजामती सेवा ऐन, नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह, राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सहसचिव वा सो सरह पदमा स्थायी नियुक्ति गर्ने।

१८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — विश्व स्वास्थ्य संगठन (WHO) को जेनेभामा २९ November देखि १ December २०२१ सम्म संञ्चालन हुने Special Session of the World Health Assembly कार्यक्रममा सहभागी हुन सचिव डा.रोशन पोखरेलको मनोनयन गर्ने।

१९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — काभ्रे स्वास्थ्य चौकी, दाङ्गमा कार्यरत अ.न.मी. श्री गोमा नेपालीको बेतलबी बिदा स्वीकृत गर्ने

२०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — Pfizer खोप खरिदका लागि बाधा अड्काउ फुकाउन आदेश जारी गर्ने।

२१. राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतलाई देहायबमोजिम सरुवा गर्ने–

| क्र.सं. | नाम, थर | साविकको पद र निकाय | सरुवा सिफारिस गरिएको पद र निकाय |
|---|---|---|---|
| १. | डा. गोविन्द प्रसाद शर्मा (सङ्केत नं. १४३१५२) | सचिव (पशुपन्छी विकास), कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सचिव (कृषि विकास), कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| २. | श्री दामोदर रेग्मी (सङ्केत नं. १७३१६१) | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश | सचिव, युवा तथा खेलकुद मन्त्रालय |
| ३. | श्री रबिलाल पन्थ (सङ्केत नं. १६८४०७) | रा.प. विशिष्ट श्रेणी, अतिरिक्त समूह | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश |



नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

२२. राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री निरु दाहाल पाण्डेलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सचिव (पशुपन्छी विकास) पदमा पदस्थापन गर्ने।

२३. पूर्व सभामुख श्री तारानाथ रानाभाटका लागि एक सवारी साधन, हलुका सवारी चालक र प्रचलित मापदण्डबमोजिमको इन्धन बराबरको रकम मासिक रूपमा संघीय संसद सचिवालयले उपलब्ध गराउने ।

२४. देहायका प्रदेशका प्रदेश प्रमुखहरूलाई पदमुक्त गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने—

१. श्री सोमनाथ अधिकारी "प्यासी", प्रदेश नं.१,

२. श्री गोविन्दप्रसाद कलौनी, कर्णाली प्रदेश,

३. श्री गंगाप्रसाद यादव, सुदूरपश्चिम प्रदेश।

२५. देहायका व्यक्तिहरूलाई देहायको प्रदेशको प्रदेश प्रमुखमा नियुक्ति गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने -

१. प्रदेश नं.१: श्री परशुराम खापुङ्ग, तेह्रथुम,

२. कर्णाली प्रदेशः श्री तिलक परियार, बाँके,

३. सुदूरपश्चिम प्रदेशः श्री देवराज जोशी, बाजुरा।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू